"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्धरम्भा हाम्रो अभियान"

रम्भा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पिपलडाँडा, खोक्खोला, पाल्पा

आ.व.२०७८/०७९

वार्षिक नीति तथा कार्यक्रम

स्वीकृती मिति : २०७८/०३/१०

आर्थिक वर्ष ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

प्रकृति र सस्कृतिले समृद्ध रम्भा गाउँपालिकाको गरीमामय गाउँ सभामा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नु भएकोमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दै अभिवादन टक्र्याउँदछु ।

मुलकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने अभियानमा जीवन आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जाली अपर्ण गर्न चाहन्छु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पछि संघ, प्रदेश र स्थानीय तह गरी ३ तहबाट शासन व्यवस्था संचालन भैरहेको सर्वविधितै छ । जस अनुसार मुलुकमा ७५३ वटा स्थानीय सरकारकायम भै सुचारु रुपले संचालनमा छन । संविधानको भाग १७ मा व्यवस्था गरेको स्थानीय कार्यपालिका र भाग १८ मा व्यवस्था भएको स्थानीय व्यावस्थापिका गठन भै संचालनमा आइरहेका छन । वर्तमान संविधानको धारा २२२ बमोजिम गठित गाउँसभामा अनुसूची ८ मा व्यवस्था गरिएको स्थानीय तहको एकल अधिकार तथा अनुसूची ९ मा व्यवस्था गरिएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार र मौलिक हकहरूलाई समेत आधार मानि आर्थिक वर्ष ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित गाउँसभा समक्ष पेश गर्दछु ।

नेपालमा गठन भएका ७५३ वटा स्थानीय सरकार मध्ये रम्भा गाउँपालिका पाल्पा जिल्लाको तानसेन देखि करिव २४ कि.मि. पूर्वी भागमा उत्तर तर्फ विश्वकै एक मात्र पवित्र कालीगण्डकी नदी र दक्षिण तर्फ माडी फाँटको काखमा अवस्थित छ, जसको पूर्वमा रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिका, उत्तरमा कालीगण्डकी नदी, दक्षिणमा माथागढ़ी गाउँपालिका, पश्चिममा बगनासकाली गाउँपालिका पर्दछन । यस गाउँपालिकाको नामकरण यसै गाउँपालिका वडा नं.५ मा अवस्थित प्रसिद्ध शक्ति पिठ रम्भादेवीको नामबाट रहेको पाइन्छ । रम्भा गाउँपालिका ८३° ४१′२०" पूर्वी देशान्तर र २७° ५१′५८" उत्तरी अक्षांसमा ९४.१२ वर्ग कि.मि.मा फैलिएको छ भने उचाईका हिसावले पाल्पा जिल्लाका अग्ला लेकहरु मध्ये रिमिघा लेक यहीं पर्दछ, जसको उचाई १७९४ मी. छ भने सबै भन्दा होचो भाग कालीगण्डकीको किनार हुँगी हो, जसको उचाई ७५० मी. छ । यो गाउँपालिकामा सबै भन्दा बढी मगरहरुको बसोबास छ । यसका अलावा यस गाउँपालिकामाब्राह्मण, क्षेत्री, नेवार, दमै, कामी, सार्की, गन्धर्व, गुरुङ, बोटे-माझी, मुस्लिम, आदिको बसोबास रहेको छ ।

आज विश्व नोभेल कोरोना भाइरस (COVID-19)को दोसो लहरका कारण आक्रान्त भैरहेको सर्वविधितै छ ।यसबाटआफ्नानागरिकहरुलाई जोगाई राख्ने उद्देश्यले स्थानीय प्रशासनबाट निषेधाज्ञा जारी गरिएको छ भने स्थानीय तहहरुले पनि यसको पूर्ण परिपालन गर्दै आफ्ना सवै नागरिकलाई उच्च शतर्कताका साथ रहन आग्रह गर्दै आइरहेका छन । यही सन्दर्भमा रम्भा गाउँपालिकाले आफ्ना नागरिकहरुलाई COVID-19को दोस्रो लहरबाट बचाई राख्नका लागि सर्वप्रथमसचेतना मुलक कार्यक्रम

संचालन गर्ने, आवश्यक औषधिको प्रवन्ध गर्ने, बाहिरबाट आउने व्यक्तिहरुलाई होम क्वारेन्टाइनमा बस्नका लागि व्यवस्थापन गर्ने, आवश्यक स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गर्ने, कृषि उपज विक्री वितरणका लागि कृषि एम्वुलेन्स संचालन गर्ने, व्यवसायिक कृषकहरुलाई सहुलियत व्याज दरमा कर्जा उपलब्ध गराउने, देशका विभिन्न स्थान तथा भारतबाट आउने व्यक्तिहरुलाई आफ्नो घर सम्म ल्याईपुऱ्याउनका लागि सहजीकरण गर्ने, दीर्घ रोगीहरुलाई घर-घरमा औषधि उपलब्ध गराउने, आफ्ना नागरिकको PCR, तथा एन्टीजेन परीक्षणलाई व्यापक बनाउने, संक्रमित व्यक्तिहरुलाई अनिवार्य रुपमा होम आइसोलेसनमा बस्न लगाउने, १० वेडको कोरोना अस्थायी अस्पताल (जनकल्याण माध्यमिक विद्यालय हुँगीमा ५ वेड र रम्भा माध्यमिक विद्यालय ताहुँमा ५ वेडको) संचालन गरी बढी संक्रमित भएका व्यक्तिलाई ती अस्पतालमा चिकित्सकको पूर्ण निगरानीमा उपचार गर्ने जस्ता क्रियाकलापहरु अगाडी बढाउदैआएको व्यहोरा सम्मानित गाउँसभा समक्ष अनुरोध गर्दछु ।यस्ता कार्यक्रम संचालन गर्नका लागि गाउँपालिकामा एक प्रकोप विपद व्यवस्थापन कोष स्थापना गरी संचालनमा ल्याइएको छ । उक्त कोषमा विभिन्न संघ संस्था तथा महानुभावहरुबाट सहयोग प्राप्त भएको छ भने कतिपय व्यक्ति, संघ संस्थाबाट जिन्सी सामान प्राप्त भै वितरण समेत भै रहेको छ ।यस अभियानमा सहयोग गर्नु हुने सम्पूर्ण संघ संस्था तथा व्यक्तिहरु प्रतिहार्दिक धन्यवाद दिदै आभार व्यक्त गर्दछु ।

यस्तो विषम परिस्थितीका कारण आर्थिक वर्ष ०७७/०७८ मा निर्णय भएका कतिपय कार्यक्रमहरु सम्पन्न गर्न नसकिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु । यस चालु आ.व.मा आजका दिन सम्म आइपुग्दा समग्ररुपमा ७० प्रतिशतउपलब्धिभएको जानकारी गराउदछु । यस्तो परिस्थितीले गर्दा विदेशमा रोजगार गुमाएर फर्कनु भएका तथा देश भित्र नै रोजगारी गुमाएर बस्नु भएका आदरणीय रम्भाबासी दाजु भाई तथा दिदी बहिनीहरुलाई रोजगारीको सिर्जना गर्ने काममा आर्थिक वर्ष ०७८/०७९ को नीति तथा कार्यक्रम केन्द्रित रहने समेत अवगत गराउन चाहन्छु । संघ, प्रदेश र स्थानीय तह तीनै तहका सरकारहरुको मुख्य उद्देश्य सम्पूर्ण नागरिकलाई आर्थिक दृष्टिकोणले आत्म उनिर्भर र स्वावलम्वी बनाउने उद्देश्य राखेर अगाडी बढिरहेको सन्दर्भमा रम्भा गाउँपालिकाले "रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्ध रम्भा हाम्रो अभियान " भन्ने नारालाई साकार बनाउने गरी आर्थिक वर्ष ०७८/०७९ को नीति तथा कार्यक्रम र वजेटलाई केन्द्रित गर्न लागिएको जानकारी गराउन चाहन्छु । आर्थिक वर्ष ०७८/०७९ को नीति तथा कार्यक्रम तपसिलमा उल्लेख गर्न चाहन्छु ।

१.कृषि तथा पशु पालन :

- ❖ वेरोजगारी अवस्थामा रहेको युवा जनशक्तिलाई कृषि तथा पशुपालन व्यवसायमा उन्मुख बनाई आत्म निर्भर र स्वावलम्वी बनाउने उद्देश्यका साथ कृषि तथा पशुपालन पेशालाई उच्च प्राथमिकता दिदै कृषि तथा पशु विकास कार्यक्रमलाई गैरसरकारी संस्थासंग साझेदारी रुपमा संचालन गरिनेछ ।
- ❖ कृषि पेशा प्रवर्द्धन तथा पशुपालन पेशालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- ❖ कृषि पेशालाई बढी प्रभावकारी बनाउन अनुदानमा आधुनिक कृषि औजारहरु उपलब्ध गराउने कार्यक्रमलाई थप प्रभवकारी बनाइने छ ।
- ❖ उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ कृषि उत्पादकत्व वृद्धि गराउन अनुदानमा उन्नत जातका विउ तथा मलको व्यवस्था गरिने छ ।
- ❖ प्राङ्गारिक मल तैयार गरी वितरण गरिने छ ।
- ❖ रम्भा गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउने उद्देश्यका लागि विगत वर्ष देखि आलुको विउमा दिदै आएको अनुदानमा वृद्धि गर्ने र उत्पादित आलु संरक्षण गर्नसंचालनमा ल्याइएको शीत भण्डारमा सम्बन्धित कृषकहरुबाट भण्डारण गरे वापतकोशीत भण्डारको भाडामा छुटको प्रवन्ध मिलाइनेछ साथै आलुको विउको उत्पादनमा जोड दिइनेछ ।
- ❖ 'फलफूलमा युवा' भन्ने नारालाई अगाडी सार्दै युवा जनशक्तिलाई फलफूल खेती तर्फ आकर्षित गराउन आँप, लिची, कागती, सुन्तला, जुनार, अमिलो, अनारका विरुवा अनुदानमा उपलब्ध गराउने तथा लिची कागतीको व्लक स्थापना गर्ने कार्यक्रममा जोड दिनुका साथै खाली सावर्जनिक जग्गामा समेत फलफूलका विरुवा लगाउने कार्यमा जोड दिइने छ ।
- ❖ रैथाने वालि प्रवर्द्धन गर्ने उद्देश्यका साथ अदुवा, बेसार, पेडालु, गेडागुडी, सूर्यमुखी, कुरीलो जस्ता खेतीहरु व्यवसायिक रुपमा गराउन विशेष अनुदानको व्यवस्था मिलाइने छ ।
- ❖ कृषि संकलन केन्द्रलाई संचालनमा ल्याई कृषि एम्वुलेन्सको संचालनमा थप व्यवस्थित गरी कृषि सहकारीको माध्यमबाट कृषि उत्पादन वजार सम्म पुऱ्याउने व्यवस्था मिलाईनेछ ।
- ❖ निर्माण भएको शीत भण्डारलाई थप व्यवस्थित गर्ने र यस आ.व,माप्रदेश सरकारको साझेदारीमा रम्भा-१, को हुँगीमा एउटा शीत भण्डार निर्माण गर्ने कार्य अगाडी बढाइनेछ ।
- ❖ खेती योग्य जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै खाद्यान्न उत्पादनमा वृद्धि गरी आत्म निर्भर बनाउनको लागि भूमि बैक स्थापना गरी भूमिहीन कृषकहरुलाई खेती गर्नका लागि निशुल्क भूमी उपलब्ध गराउने प्रकृया अगाडी बढाउनका लागि बाँझो जग्गा संकलन तथा व्यवस्थापन गर्ने नीति अगाडी बढाउदै उत्पादनमा जोड दिइनेछ ।

- कृषकहरुलाई पुरस्कृततथा सम्मान गर्दै कृषि पेशालाई मर्यादित बनाउदै व्यवसायिकरणमा जोड दिईनेछ ।
- कृषकहरुलाई आफ्नो कार्यप्रति गौरवान्वित हुन तथा उत्पादनमा **वृद्धिगर्न,**प्रोत्साहित गर्न कृषि मेला प्रदर्शनी महोत्सव जस्ता कार्य गरिने छ ।
- रम्भा गाउँपालिकालाई दुध, मासु र अन्डामा आत्मनिर्भर गाउँपालिका बनाउन गाई, भैसी, बंगुर, कुखुरा र बाख्रा पालन व्यवसायलाई विशेष अनुदानको व्यवस्था मिलाइनुका साथै फोक्सिङकोटलाई बाख्रा अनुसन्धान केन्द्र स्थापनागर्ने कार्य आगाडी बढाइनेछ ।
- व्यवसायिक पशुपालन पेशालाई प्रभावकारी बनाउन आधुनिक घाँस तथा पशु आहारको व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।
- लेक र बेसी भागमा कृषि तथा पशुपालनलाई व्यावसायिकरण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा जोड दिइनेछ ।
- माहुरीपालन, मत्स्यपालन जस्ता पेशालाई प्रभावकारी बनाउन घार वितरण, गोला वितरण, भुरा वितरणमा अनुदानको व्यवस्था गर्ने कार्यक्रम ल्याइनेछ ।
- वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।
- गुणस्तरीय विउ संकलन गर्ने तथा विउ बैंक स्थापनामा जोड दिइनेछ ।
- दुग्ध व्यवसायलाई प्रभावकारी बनाउन संचालनमा आएका डेरीहरुलाई थप व्यवस्थित बनाउदै चिस्यान केन्द्रस्थापना गर्ने कार्य अगाडी बढाइनेछ ।
- पशुहरुलाई सुरक्षित गर्न पशुपंक्षी वीमा तथा कृषि पेशा प्रति बढी आकर्षित बनाउन कृषि ऋणको विमा गर्ने कार्य अगाडी बढाइनेछ ।
- कृषि सहकारीमा आधारित भई कृषियान्त्रीकरण तथा पूर्वाधार विकास कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।
- पक्की पोखरी निर्माण,प्लास्टिक पोखरी,प्लास्टिक टनेलनिर्माण तथा वितरण गर्ने कार्यमा जोड दिइनेछ ।
- पशुपालन व्यवसायलाई बढी प्रभावकारी बनाउन उन्नत जातका भैसी, राँगा, बाख्रा, बोका, बंगुर र कुखुरा वितरण गर्ने कार्यक्रममा अनुदानको व्यवस्था मिलाइनेछ ।
- प्रदेश सरकारको साझेदारीमा स्मार्ट कृषि गाउँ कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- स्थानीय कृषि उपज संकलन गर्न रम्भा-४, हुमिनमा निर्माणाधीन कोशेली घरलाई संचालनमा ल्याइनेछ ।

२. स्वास्थ्य :

- पूर्ण संस्थागत सुत्केरी दिगोपन एवम् पूर्ण खोप सुनिश्चिता गरिदै COVID रोग विरुद्धको खोप ल्याउन र लगाउन उच्च प्राथमिकतामा राखिस्वास्थ्य संस्थामा संचालित वर्थिङ सेन्टरहरुलाई थप व्यवस्थित गर्दै सामुदायिकस्वास्थ्य इकाईहरुमा पनि वर्थिङ सेन्टर संचालन गर्ने कार्यक्रम क्रमश अगाडी बढाइनेछ । बाहय खोप क्लिनिक भवन निर्माण नभएका स्थानमा भवन निर्माण कार्य अगाडी बढाइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा संचालनमा ल्याइएका प्रयोगशालाहरुमा गत वर्षबाट प्रारम्भ गरिएको निशुल्क सेवालाई निरन्तरता दिइनेछ ।
- आवश्यक आधारभूत तथा नसर्ने रोगहरु (दीर्घ रोगीहरु) को औषधिको व्यवस्था मिलाइने छ ।
- पूर्ण संस्थागत सुत्केरीको अवस्थालाई दिगोपनाका लागि विगत वर्षमा प्रदान गरिदै आएको बच्चा र आमाको पोषण युक्त खानाका लागि रु.१,५००लाई यथावत राखी पोषणका लागि सुत्केरी आमालाई स्वास्थ्य संस्थाबाट शुक्ष्म पोषण तत्व भएको **न्यूट्रिमा** पाउडर उपलब्ध गराइने छ ।
- गर्भवती आमा रबच्चाको पोषणलाई ध्यानमा राखी अन्डा र झन्डाको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गर्भवती महिलाहरुलाई सुत्केरी हुने अवस्था स्वास्थ्य संस्था सम्म ल्याई**पुऱ्याउन नि:शुल्क एम्वुलेन्स**तथा अन्य यातायातका साधनको **व्यवस्था मिलाइने छ** ।साथै स्थानीय स्वास्थ्य (वार्थिङ सेन्टर) बाट अन्य स्वास्थ्य संस्थाहरुमा प्रेषण भएमा पनि सो स्थान सम्म **पुऱ्याउन**निशुल्क यातायातको व्यवस्था मिलाइनेछ ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19)रोकथाम तथा नियन्त्रणका लागि सचेतना मुलक कार्यक्रम संचालनमा ल्याइने छ । उक्त कार्यक्रम स्वास्थ्यको स्थम्भको रुपमा रहनु भएका महिला स्वास्थ्य स्वयंसेविका तथा पोषण सहयोगी सहजकर्ताबाट संचालन गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविका तथा पोषण सहयोगी सहजकर्तालाई सचेतनामुलक कार्यक्रम संचालन गरे वापत यातायात तथा खाजा खर्चको व्यवस्था मिलाईनेछ ।
- उमेरको हद पूरा गर्नु भएका महिला स्वास्थ्य स्वयंसेविकहरुलाई सम्मानजनक विदाई गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- ❖ महिला स्वास्थ्य स्वयंसेविकहरुलाई आफ्नो काम प्रति उत्प्रेरित बनाउनका लागि विगत वर्ष देखि दिदै आएको यातायात खर्चलाई समयानुकुल बनाइने छ ।
- ❖ महिला स्वास्थ्य स्वयं सेविकालाई तथा पोषण सहयोगी सहजकर्ताहरुलाई निशुल्क स्वास्थ्य वीमा तथा कोरोना वीमाको व्यवस्था मिलाइनेछ ।
- ❖ सम्पूर्ण कर्मचारी, जनप्रतिनिधिहरुका लागि कोरोना वीमाको व्यवस्था गरिनेछ ।
- ❖ पोषण सहयोगी सहजकर्तालाई उपलब्ध गराइएको पोशाकको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- ❖ जेष्ठ नागरिक, असक्त, अपांगको स्वास्थ्य उपचारमा विशेष व्यवस्था मिलाइनेछ ।
- ❖ स्वास्थ्यको पहुँच जनताको घर-घरमा पुऱ्याउने उद्देश्यका लागि गत वर्षहरुमा सन्चालनमा ल्याइएका सामुदायिक स्वास्थ्य इकाईहरुलाई थप व्यवस्थित बनाउदै यस आ.व.मा एउटा सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा संचालन गरिनेछ ।
- ❖ विरामीको चापलाई मध्यनजर राखी गतवर्ष हुँगी स्वास्थ्य चौकीमा चिकित्सकको व्यवस्थागरिएकोमा सो कार्यलाई निरन्तरता दिदै हुँगी स्वास्थ्य चौकी र ताहुँ प्राथमिक स्वास्थ्य केन्द्रमा डिजिटल एक्सरेको व्यवस्था मिलाइनुका साथै उक्त कार्यलाई क्रमश : अरु स्वास्थ्य संस्थामा विस्तार गर्दै लैजाने नीति लिईने छ ।
- ❖ विपन्न परिवार, अपाङ्ग तथा एकल महिलाहरुका लागि स्वास्थ्य वीमा कार्यक्रमलाई विस्तार गरिने छ ।
- ❖ मुटु, मृगौला र क्यान्सर रोगीहरूलाई यातायात खर्च वापत दिदै आएको रकमलाई निरन्तरता दिइने छ ।
- ❖ कोरोना भाइरस (COVID-19)रोकथाम तथा उपचारको क्रममा अग्रभागमा रहेर खट्ने स्वास्थ्यकर्मीहरुलाई विशेष व्यवस्था मिलाइने छ ।
- ❖ कोरोना भाइरस (COVID-19)रोकथाम तथा नियन्त्रणका लागि आवश्यक किटको व्यवस्था गरी सवै स्वास्थ्य संस्थाहरुबाट एन्टीजेन परीक्षणको व्यवस्था मिलाइएकोमा यसको दायरालाई विस्तार गर्दै र PCRपरीक्षणलाई व्यापक बनाइनेछ ।
- ❖ कोरोना भाइरस (COVID-19)रोकथाम तथा उपचारका लागि आवश्यक सामाग्रीहरु सवै स्वास्थ्य संस्थाहरुमा प्रर्याप्त मात्रामा उपलब्ध गराइने छ ।
- ❖ कोरोना भाइरस (COVID-19)रोकथाम तथा उपचारका लागि स्थापना गरिएको कोरोना अस्थायी अस्पताल, जनकल्याण माध्यमिक विद्यालय हुँगीमा ५ वेड र रम्भामाध्यमिक विद्यालय ताहुँमा ५ वेड थप सुबिधा सम्पन्न बनाउदै ५/५ वटा वेड थप गर्ने कार्य अगाडी बढाइनेछ ।

- सवै स्वास्थ्य संस्थाहरुमा संचालनमा ल्याइएको इन्टरनेटलाई सुचारु गर्दै स्वास्थ्य व्यवस्थापन प्रणालीलाई अनलाईनबाट इन्ट्री गर्ने कार्यलाई अझ प्रभावकारी बनाउदै लगिनेछ ।
- स्वास्थ्य सेवाको पहुचविस्तार गर्न थप एम्वुलेन्सको व्यवस्था मिलाइने छ । गाउँपालिकाबाट संचालन गरिने हरेक कार्यक्रम सुनौलो हजार दिनका आमाहरुको पोषण **प्रवर्द्धन**हुने गरी कार्यक्रम संचालन हुदै आएकोमा यस्ता कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- पोषणको क्षेत्रमा गाउँपालिका तथा साझेदार संस्थाहरुबाट प्रभावकारी कार्यहरुलाई निरन्तरता दिइनेछ ।
- पोषण सम्बन्धि कार्यक्रमलाई जोड दिदै आर्थिक वर्ष ०७७/०७८ मा पोषण उन्मुख गाउँपालिका घोषणा गर्न COVID-19का कारण नसकिएकोमा यस आ.व.माघोषणा गरिने छ ।
- परिवारनियोजन तर्फ स्मार्ट दम्पत्ती सम्मान कार्यक्रम यस आ.व.०७८/०७९ मा एक वा दुई सन्तान जन्माई स्थायी परिवारनियोजन मिनिल्याप वा भ्यासेक्टोमी गरेका दाम्पत्तीहरुलाई मेडिकल प्रमाणको आधारमा कम्तीमा ५ दम्पतिलाई नगद रु.१०,०००/ सहित स्मार्ट दम्पत्ती सम्मान पत्रद्वारा गाउँपालिका स्तरमा सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षाका लागि असल छोरा बुहारी सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ । घरमा हुनु भएका सासू ससुरा एवं आमा बुवाको उचित स्याहार, पोषण र स्वास्थ्यमा ध्यान दिई घरमा सेवा पुऱ्याउने असल छोरा बुहारीलाई यस आ.व. ०७८/०७९ मा प्रत्येक वडाबाट २ जना पर्ने गरी १० जनालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- आयुर्वेदिक स्वास्थ्य सेवामा समेत विशेष जोड दिदै स्थापना गरिएको आयुर्वेद अस्पताललाई थप व्यवस्थित गराइनेछ साथै जडीबुटी पहिचान कार्यक्रमलाई जोड दिइनेछ ।
- सुरक्षित गर्भपतन सेवालाई गुणस्तरीय बनाउन स्वास्थ्यकर्मीलाई समयानुकुल तालिमको प्रवन्ध मिलाइनेछ ।
- विद्यालयमा विद्यर्थीहरुको अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराउने तथा विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।

३. शिक्षा :

- 'प्राविधिक शिक्षा आजको आवश्यकता' भन्ने नारालाई आत्मसात्गरी स्थापना भएकोजन कल्याण माध्यमिक विद्यालयको प्राविधिक शिक्षालाई थप व्यवस्थित गर्दै यस आर्थिक वर्षमा रम्भा माध्यमिक विद्यालय ताहुँमा ईन्जिनियरिङ्ग विषयको प्राविधिक शिक्षा संचालनमा जोड दिइनेछ ।
- विद्यालयहरुमा कम्प्यूटरको व्यवस्था गर्दै, ईन्टरनेट तथास्मार्ट बोर्डको जडान गरीविद्यालयको पठनपाठनलाई सूचना प्रविधिमैत्री बनाउन प्रविधिमैत्री शिक्षामा विशेष जोड दिइनेछ ।

- कम्प्युटर शिक्षा, अंग्रेजी माध्यमको शिक्षा, संस्कार सहितको शिक्षामा विशेषजोड दिइनेछ । साथै अंग्रेजीमाध्यमबाट संचालन भएका विद्यालयहरुलाई थप प्रोत्साहन दिईने छ ।
- सबै विद्यालयहरु बालमैत्री विद्यालय घोषणा भइसकेको हुँदा बालमैत्री विद्यालयका दिगोपनाका लागि थप कार्यक्रम ल्याइनेछ । साथै प्रत्येक वडामा स्थापना भएका नमूना विद्यालयहरुलाई थप व्यवस्थित गर्दै अन्य विद्यालयहरुलाई सोही अनुसार अनुसरण गर्ने वातावारण बनाइनेछ ।
- सामुदायिक विद्यालयमा विद्यार्थी भित्र्याउने, टिकाउने, सिकाउने र विकाउने नीति अवलम्वन गरी सार्थकता प्रदान गर्नआधारभूत तह सम्म दिवा खाजा कार्यक्रम र माध्यमिक तह सम्म सामुहिक दुर्घटना वीमा **गर्ने नीतिलाई निरन्तरता दिइनेछ।**
- "आफ्नो विद्यालय आफै बनाऊ बालबालिकासंग हामी रमाऊ" भन्ने नारालाई सार्थक बनाउन अतिरिक्त क्रियाकलाप पुरस्कार, छात्रवृत्ति, अभिभावक शिक्षा, शैक्षिक सामाग्री वितरण तथा हरित विद्यालय बनाउने जस्ताकार्यक्रमलाई जोड दिइनेछ ।
- भौतिक पूर्वाधार तथा मर्मत कार्यमा जोड दिइनेछ ।
- समयानुकुल शिक्षकहरुलाई क्षमता विकासको लागि तालिमको व्यवस्था गरी पेशा प्रति उत्तरदायी बनाउन पुरस्कार सम्मान, शिक्षक तथा कर्मचारीहरुलाई शैक्षिक अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ ।
- प्रधनाध्यापकतथा विद्यालय व्यवस्थापन समितिका लागि नेतृत्व क्षमता विकास सम्बन्धि तालिमको व्यवस्था मिलाईने छ ।
- दलित, अति विपन्न परिवार तथा लोपोन्मुखजातिका विद्यार्थीहरुलाई विद्यालयमा भित्र्याउने र टिकाई राख्नका लागि माथि उल्लेखित कार्यक्रमका अलावा अन्य थप कार्यक्रमहरु समेत ल्याइने छ ।
- सामुदायिक विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा देखिएका समस्याहरुलाई संबोधन गर्न विशेष कार्यक्रम ल्याईने छ ।
- बालविकास केन्द्रहरुको स्थापना, संचालन तथा व्यवस्थापनमा जोड दिदै बालविकास सहजकर्ता, विद्यालयसहयोगी र कर्मचारीका लागि समयानुकुलसेवा सुविधामा थप गरिने छ । साथै क्षमता विकास सम्बन्धि तालिमको व्यवस्था मिलाइनेछ ।
- विद्यालयहरुमा शिक्षकलाई थप जिम्मेवार बनाउन विद्युतिय हाजिरी तथा सिसी क्यामेराको व्यवस्थापन गने कार्यमा जोड दिइने छ ।
- रम्भा गाउँपालिकाको शैक्षिक आवधिक योजनालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- कालिगण्डकी गुरुकुमलाई थप व्यवस्थित गर्दै क्रमश: मा.वि.तह सम्म स्तरोन्नती गरिने छ ।
- एक विद्यालय एक योग श्रोत शिक्षकको व्यवस्था गरी योग शिक्षामा जोड दिईने छ ।

- ❖ रम्भा बहुमुखी क्याम्पसलाई थप व्यवस्थित गर्दै स्नातकोत्तर तह सम्म लैजानप्रोत्साहन गरिनेछ ।
- ❖ विद्यालयहरुमा स्काउड शिक्षा संचालनमा ल्याइने छ ।
- ❖ विद्यालयमा पोषण, स्वास्थ्य तथा सरसफाईका क्षेत्रमा एकिकृत योजना लागु गर्ने नीति ल्याइने छ ।
- ❖ किशोरीहरुका लागि आत्म रक्षा सम्बन्धी तालिमको व्यवस्था मिलाइने छ ।
- ❖ विद्यालयमा प्रयोग भएका सेनेटरी प्याडको उचित व्यवस्थापन गरिने छ ।
- ❖ विद्यालयहरुलाई जंकफुड निषेधित क्षेत्र बनाउने कार्य अगाडी बढाइने छ ।
- ❖ सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न परीक्षा, अनुगमन तथा मुल्यांकन प्रणालीलाई थप व्यवस्थित गरिने छ ।
- ❖ सम्पूर्ण शिक्षक, कर्मचारी तथा सहयोगीहरुका लागि दुर्घटना वीमाको व्यवस्था मिलाइनेछ ।
- ❖ गुणस्तरीय विज्ञान प्रयोगशाला, पुस्तकालय स्थापना तथा संचालनमा जोड दिइनेछ ।
- ❖ प्रविधिमैत्री शिक्षा **प्रवर्द्धन**बढाउनका लागि एक शिक्षक एक ल्यापटपको व्यवस्थामा जोड दिइनेछ । यसका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ स्थानीय पाठ्यक्रम**"हामो रम्भा"** तथा पाठ्यपुस्तक तैयार भइसकेको हुँदा यस शैक्षिक सत्रमा कक्षा १ बाट सुरु गरी क्रमश अगाडी बढाइनेछ ।
- ❖ बालविकास केन्द्रहरुलाई क्रमश: नमूना बालविकास केन्द्रको रुपमा विकशित गर्दै लगिनेछ साथै बाल कक्षा देखि कक्षा ३ सम्म भुई बसाइ तथा भिते लेखन गरी कक्षा व्यवस्थापनलाई जोड दिइनेछ ।
- ❖ जोखिममा परेका बालबालिका, असाहाय बालबालिकाहरुको पठनपाठनको सुनिश्चिताका लागि विशेष कार्यक्रम अगाडी बढाइनेछ ।

४. खानेपानी तथा सरसफाई :

- ❖ स्वच्छ पिउने पानीको उपलब्धताका लागि एक घर एक धाराको व्यवस्था गर्ने नीतिलाई कडाईका साथ अवलम्वन गर्दै संचालनमा रहेका तरसम्पन्न हुन बाँकी रहेका लिफ्ट खानेपानी तथा ग्राविटी खानेपानीका आयोजनाहरुलाई तत्काल सम्पन्न गराई र बाँकी आयोजनाहरु यस वर्ष अनिवार्य रुपमा शुरु गराइने छ ।
- ❖ स्वच्छ जीवनका लागि सुरक्षित पिउने पानी भन्ने अभियानलाई साकार बनाउन विगत वर्षबाट प्रारम्भ गरिएको फिल्टरको पानी तथा उमालेको पानी प्रयोग गर्ने विषयलाई पूर्ण रुपमा व्यावहारमा लागु गर्दै आर्थिक वर्ष ०७७/०७८ मा पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गरिने लक्ष्य भएकोमा COVID-19का कारण घोषणा गर्न नसकिएकोमा यस वर्ष घोषणा गरिनेछ ।

- कुनै पनि नयाँ सार्वजनिक संरचना निर्माण गर्दा शौचालय, खानेपानी तथा हात धुने स्थानको व्यवस्थापन गरिने छ साथै अपांग मैत्री र बालमैत्री संरचनाहरु बनाइने छ ।
- प्राकृतिक मुलहरु संरक्षणमा जोड दिइनेछ ।
- यस आर्थिक वर्षमा खानेपानी तथा सरसफाई स्वच्छता योजना (वास) बमोजिम बाँकी रहेका काममा विशेष जोड दिइनेछ ।
- फोहोर मैला व्यवस्थापन गर्ने कार्यलाई जोड दिइनेछ ।
- लिफ्टिङ्ग खानेपानीमा लाग्ने शुल्कमा विशेष छुट दिने कार्यमा जोड दिइनेछ ।

५. सिंचाई :

- कृषि उत्पादकत्व वृद्धि गर्न कृषकहरुलाई आत्मनिर्भर र स्वावलम्वी बनाउन स्थलगत सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई तथा भूमीगत सिंचाई आयोजनाहरु संचालनमा जोड दिइनेछ ।
- रम्भा गाउँपालिका भित्र संचालनमा ल्याइएका विभिन्न कुलाहरुको मर्मत तथा विस्तारका लागि विशेष योजना अगाडी बढाइने छ ।
- साना सिंचाई कार्यक्रमको व्यवस्थापनमा विशेष जोड दिइनेछ ।
- वर्षादको पानी संकलन गर्न अग्ला भागहरुमा पोखरी निर्माणमा जोड दिइनेछ । साथै सिंचाइको लागि खेर गएको पानी व्यवस्थापन गरी आवश्यक बाँधको निर्माण गर्ने काममा जोड दिइनेछ ।
- साना सिंचाई कार्यक्रम अन्तर्गत अधुरो अवस्थामा रहेका साना कुलाहरुलाई सम्पन्न गर्ने कार्यमा जोड दिइनेछ ।
- संभावित सिंचाई क्षेत्रहरुको संभाव्यता अध्ययन गरी ती क्षेत्रहरुको सिंचाइमा जोड दिइनेछ ।

६. विद्युत :

- बाँकी रहेका काठका पोलहरुलाई विस्थापित गरी स्टिल पोलको व्यवस्थापन गरिने छ ।
- आर्थिक वर्ष ०७७/०७८ मा टुकी रहित उज्यालो गाउँपालिका घोषणा गर्ने कार्यक्रम विशेष कारणले सम्पन्न गर्न नसकिएकोले यस आर्थिक वर्ष ०७८/०७९ मा घोषणा गरिनेछ ।
- विद्युत लाइनलाई स्तरीकरण गर्ने कार्यमा जोड दिइनेछ ।

७. भवन :

- भवन निर्माण गर्दा घर नक्शापास गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
- भवन निर्माण गर्दा अनिवार्य रुपमा बालमैत्री अपाङ्गमैत्री, भूकम्प प्रतिरोधी बनाउन लगाइनेछ ।

८. सडक :

- रम्भा गाउँपालिकालाई सडक संजालमा जोडिन बाँकी रहेका क्षेत्रहरुलाई सडकको पहुँच पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- यस आ.व.लाई सडक स्तरोन्नती वर्षको रुपमा अगाडी बढाउदै अधुरा रहेका योजना सम्पन्न गर्नका लागि विशेष जोड दिनका साथै ट्र्याक खुलेका सडकहरुमा पक्की नाली निर्माण गर्ने, ग्रावेल गर्ने, ग्रेड मिलाउने जस्ता कार्यमा जोड दिइनेछ ।
- संचालनमा आएका सडकहरुलाई बाह्रै महिना नियमित रुपमा संचालन गर्न विगत वर्ष देखि संचालनमा ल्याईएको मर्मत संभार विशेष कोषलाई निरन्तरता दिदै उक्त कोषबाट खर्च गरी संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिनुका साथै बाटो हेरचाह गर्नका लागि lanth man को व्यवस्था गर्ने कार्य अगाडी बढाइनेछ ।
- गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा यातायातको पहुँचलाई थप व्यवस्थित गरिनेछ ।
- रम्भा गाउँपालिका भित्र पर्ने सिद्धार्थ आर्थिक कोरीडोर, कालीगण्डकी कोरीडोर, आर्यभञ्ज्याङ्ग रामपुर सडकको सामान्य मर्मत दोहोरो खर्च नपर्ने गरी गरिनुका साथै यस क्षेत्रका बासिन्दाको आर्थिक समृद्धि गर्न आर्थिक उपार्जनमा जोड दिइनेछ ।
- सडकको मापडण्ड मिच्ने, सार्वजनिक जग्गा मिच्ने जस्ता कार्यलाई रोक लगाउन यस आ.व.बाट घर जग्गा नक्शा पास गर्ने कार्य अगाडी बढाइनेछ ।
- सडक दुर्घटना कम गर्न जोखिमपूर्ण यात्रालाई निरुत्सहित गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- सडक बत्ती व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै थप व्यवस्थितगराइने छ ।

९. सहकारी :

- गाउँ-गाउँमा सहकारी घर-घरमा रोजगारी भन्ने नारालाई सफल बनाउन गाउँपालिका भित्र संचालित सबै सहकारीहरूलाई थप व्यवस्थित बनाउदै सकृय बनाइने छ ।
- कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरु मार्फत विभिन्न प्रकारका आय-आर्जनतथा सीपमूलक तालिमहरु संचालनमा ल्याउनुका साथै उत्पादनमा आधारित अनुदानको वितरण गर्ने कार्य समेत ल्याइनेछ ।
- सहकारी संस्था तथा अन्य वित्तीय संस्थाहरु मार्फत व्यावसायिक कृषि तथा पशुपालन, सीप अनुसारको व्यवसाय संचालन गर्नका लागि आवश्यक कर्जा सहुलियत व्याजदरमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषकका लागि आवश्यक पर्ने उन्नत विउ विजन, मल, किटनासक औषधीहरु कृषि सहकारीहरु मार्फत वितरण गर्ने तथा कृषि उत्पादनलाई विक्री वितरण गर्ने कार्यमा समेत कृषि सहकारीलाई सकृय बनाइने छ ।

❖ सहकारी मार्फत वित्तिय साक्षरता कार्यक्रम संचालन गरिने छ ।

१०. पर्यटन :

❖ पर्यटन प्रवर्द्धन गर्नका लागि कालीगण्डकी नदीमा ऱ्याफ्टीङ्ग कार्य संचालनमा जोड दिइनेछ ।

❖ आय-आर्जनको मुख्य श्रोत पर्यटन व्यावसाय भएको हुँदा रम्भा गाउँपालिका भित्र रहेका धार्मिक एवं पर्यटकीय गन्तव्य स्थलको पहिचान, गुरुयोजना तयार संरक्षण तथा विस्तार गर्ने कार्यमा उच्च प्राथमिकता दिइनेछ ।

❖ पर्यटन क्षेत्रको प्रचार प्रसारको लागि आ.व.०७७/०७८ मा COVID-19का कारण संचालन गर्न नसकिएका रम्भादेवी, रिमिघा र कालीगण्डकी महोत्सव यस वर्ष संचालन गरिने छ ।

❖ पर्यटन व्यावसायको मेरुदण्डको रुपमा रहेको होमस्टे व्यावसाय संचालनमा ल्याईनेछ ।

❖ कालीगण्डकी उपत्यकाको एकिकृत विकास गर्न गुरुयोजना तयारी गर्ने कार्यमा जोड दिइनेछ ।

❖ रम्भादेवी मन्दिर, रिमिघा लेकको एकिकृत विकासका लागि योजनावद्ध कार्यक्रम ल्याइनेछ ।

❖ पर्यटन प्रवर्द्धन गर्नका लागि PPP मोडल अगाडी ल्याइने छ ।

११. लक्षित :

❖ वेरोजगारी अवस्थामा रहनु भएका सम्पूर्ण रम्भाबासी युवाहरुलाई सीपमुलक तालिमको व्यवस्था गरी सो सीप अनुसारको व्यवसाय संचालन गर्न उत्प्रेरित गरिनेछ र त्यस्ता व्यवसाय संचालन गर्न सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराइनेछ ।

❖ मागको आधारमा स्वरोजगारमुलक तालिमको व्यवस्था गरी लक्षित वर्गलाई आत्मनिर्भर र स्वावलम्वी बनाउने कार्यमा जोड दिइनेछ ।

❖ कोरोना भाइरस (COVID-19)रोकथाम तथा नियन्त्रण गर्न आवश्यक पर्ने सामाग्रीहरु तथा पूर्ण सरसफाईका लागि आवश्यक सामाग्री उत्पादन गर्न आवश्यक तालिमको व्यवस्था गरी ती वस्तुहरुको उत्पादन तथा व्यवस्थापनमा जोड दिइनेछ ।

❖ तालिम प्राप्त गरी सो कार्यक्रम संचालन गर्ने युवा तथा महिलाहरुलाई व्यावसायिक कामका लागि विशेष अनुदानको व्यवस्था मिलाइने छ ।

❖ युवाहरुको सर्वाङ्गीण विकासलाई ध्यानमा राख्दै यस आ.व.मा गाउँपालिका स्तरीय रनिङ शिल्ड लगायतका खेलकूदका कार्यक्रमसंचालन गरिनेछ साथै कम्तीमा १ वडा १ खेल मैदाननिर्माण तथा स्तरउन्नतीमा जोड दिइनेछ ।

❖ विभिन्न प्रकारका दिवस अन्तराष्ट्रिय नारी दिवस, नेपाल मगर दिवस, छुवाछुत मुक्त दिवस, अपाङ्ग दिवस, तीज गीत प्रतियोगिता जस्ता कार्यक्रमलाई निरन्तरता दिदै वडा स्तर सम्म संचालन गरिनेछ ।

- ❖ जेष्ठ नागरिक सम्मानतथा घरमै पुगी औषधि उपचार गर्ने प्रक्रियालाई थप व्यवस्थित गर्दै उक्त कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- ❖ जेष्ठ नागरिक परिचय पत्र तथा अपांग परिचय पत्रहरु घरमै पुगी वितरण गर्ने कार्यलाई निरन्तरता दिदै व्यवस्थित बनाइनेछ ।
- ❖ जोखिममा परेका बालबालिका, असहाय बालबालिकाको उद्दारपुनर्स्थापनामा जोड दिनुका साथै बालश्रमको अन्त्य गर्ने कार्य कडाईका साथ अगाडी बढाइने छ ।
- ❖ वेरोजगारी अवस्थामा रहेका नागरिकहरुलाई प्रधानमन्त्रीरोजगार कार्यक्रमको माध्यमबाट कम्तिमा १५० जनालाई १०० दिन बराबरको रोजगारी उपलब्ध गराइनेछ ।
- ❖ बालमैत्री गाउँपालिका दिगोपनाका लागि पञ्च वर्षीयरणनीतिक योजनालाई कार्यन्वयनमा ल्याइनेछ ।
- ❖ बालमैत्रीका सुचकहरु पूरा भईCOVID-19 का कारण घोषणा सम्पन्न हुन् नसकेको बालमैत्री गाउँपालिका घोषणा कार्यक्रम यथासिघ्र संचालन गरिने छ ।
- ❖ बालविवाह मुक्त गाउँपालिकाका लागि थप सचेनामुलक कार्यक्रम संचालन गरिने छ ।
- ❖ आदिवासी जनजातीहरुको संस्कृति संरक्षण तथा सशक्तिकरणका कार्यक्रममा जोड दिइनेछ ।
- ❖ छुवाछुत मुक्त गाउँपालिका व्यावहारिक रुपमै कार्यन्वयन गर्न सचेतनामुलक कार्यक्रम संचालनगरिनेछ ।
- ❖ सीपमुलक तालिम प्राप्त गरी पछाडी परेका दलित समुदाय तथा लोपोन्मुख समुदायलाई आय-आर्जनको काममा लगाउनका लागि विशेष व्यवस्था गरिनेछ ।
- ❖ लैंगीकहिंसा मुक्त गाउँपालिकाको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ एकल महिलाहरुका लागि आयआर्जन सम्बन्धिका कार्यक्रमहरु अगाडी बढाइनेछ ।
- ❖ परम्परागत पेशालाई सुदृढिकरण गर्दै पेशा प्रति आकर्षित बनाउने कार्यमा जोड दिइनेछ ।
- ❖ युवाहरुलाई निजामती सेवा तथा शिक्षा सेवा तर्फ भित्र्याउन तैयारी कक्षाहरु संचालन गर्ने कार्यक्रम ल्याइने छ ।
- ❖ फरक क्षमता भएका व्यक्तिहरुलाई उच्च सम्मान गर्दै निजहरुको शसक्तिकरणमा जोड दिइनेछ ।
- ❖ रम्भा गाउँपालिकालाई सडक बालबालिका मुक्त गाउँपालिका बनाइनेछ ।

१२. घरेलु तथा साना उद्योग :

- ❖ स्थानीय साधन, श्रोत, सीप एवं प्रविधिलाई वढावा दिई व्यावसायिक उत्पादन तर्फ अग्रसर बनाईने छ ।
- ❖ स्थानीय कृषि उत्पादनहरुको बजारीकरण गरिनेछ ।

- ❖ घरेलु तथा साना उद्योग स्थापना, घरेलु इट्टा उद्योग स्थापना तथा संचालनलाई उच्च प्राथमिकता दिइनेछ ।
- ❖ संघीय सरकार, प्रदेश सरकारको साझेदारीमा रम्भा-१, हुँगी अमिल्टारमा औधोगिक ग्राम संचालनमा ल्याइनेछ ।
- ❖ उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउदै निरन्तरता दिइनेछ ।

१३. विविध :

- ❖ योजनाहरुमा आर्थिक पारदर्शिता, गुणस्तरीय संचालन तथा फरफारकमा आईपर्ने समस्यालाई समाधान गर्न उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि सम्बन्धि तालिमको व्यवस्था मिलाईने छ साथै प्रारम्भिक अभिमुखिकण गरिनेछ ।
- ❖ गुणस्तरीयताका साथ समयमा योजना सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने र आवश्यक थप रकमको व्यवस्था गर्ने कार्यक्रम ल्याइनेछ ।
- ❖ रम्भा गाउँपालिका भित्रबाट दिइने सेवा सुविधालाई छिटो, छरितो, सरल र प्रभावकरी बनाइने छ ।
- ❖ आर्थिक मितव्ययीता तथा पारदर्शीतालाई विशेष कडाईका साथ लागु गर्न र आर्थिक नियन्त्रण प्राणाली एवं आर्थिक अनुशासनलाई उच्च प्राथमिकता दिइनेछ ।
- ❖ गाउँपालिकालाई आन्तरिक आम्दानीमा सवल बनाउन अव्यवस्थित ढंगबाट रहेका प्राकृतिक साधन र श्रोतहरुको उच्चतम उपयोग गर्ने कार्यक्रम ल्याइ थप व्यवस्थित बनाउदै लगिने छ ।
- ❖ संचालनमा ल्याइएको गाउँ विकासकार्यक्रमलाई क्रमश: विस्तार गरिनेछ ।
- ❖ वास्तविक सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्नेहरुको यथार्थ विवरणभूमी सम्बन्धि समस्या समाधान आयोगलाई उपलब्ध गराई यथासिघ्र जग्गा धनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
- ❖ सार्वजनिक जग्गाको संरक्षण गर्दै खाली जग्गालाई हराभरा गर्ने नीति अगाडी सारिने छ ।
- ❖ सूचना प्रविधिको विस्तार एवं प्रयोगमा जोड दिइनेछ ।
- ❖ स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सेवा सुविधामा समयानुकुल थप गर्दै लगिने छ र ती कर्मचारीहरुका लागि कल्याण कोष तथा उपदान कोषको व्यवस्था गरिनेछ ।
- ❖ स्थानीय तहका कर्मचारीहरुको क्षमता विकासका लागि समयानुकुल तालिम,अवलोकन भ्रमण एवं पेशा प्रति कर्तव्य निष्ट बनाउन सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- ❖ कामको चापलाई मध्यनजर राख्दै अतिरिक्त काममा लगाउदा नियमानुसार थप सुविधाको व्यवस्था मिलाइनेछ ।

- हरियो वन नेपालको धन भन्ने नारालाई साकार बनाउन राष्ट्रिय वन, सामुदायिक वन तथा निजी वन क्षेत्रको वैज्ञानिक वन व्यवस्थापन गरी संरक्षण तथा विकास गर्ने कार्यमा जोड दिइनेछ ।
- सामुदायिक वनहरुमा साझेदारी रुपमा अम्लिसो, लिची, आँप, दालचिनी र पौष्टिक तत्वले पूर्ण घाँसको विकास तथा विस्तार गर्ने नीति ल्याइनेछ ।
- हरियाली गाउँपालिका बनाउने कार्यमा जोड दिइनेछ ।
- जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस आ.व.मा खरको छाना मुक्त गाउँपालिका घोषणागर्ने कार्यक्रम अन्तर्गत विशेष कारणले बाँकी रहेका घरहरुलाई खरको छाना मुक्त गरी यथाशीघ्र खरको छाना मुक्त गाउँपालिका घोषणा गरिने छ ।
- पूर्ण सरसफाई उन्मुखगाउँपालिका घोषणा गर्ने कार्यक्रम विशेष कारणले बाँकी रहन गएको वडा नं.३ लाई तत्काल घोषणा गरी यस आ.व.मा गाउँपलिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गरिने ।
- 'न्यायको पहुँच जनताको घर दैलोमा' भन्ने भनाइलाई साकार बनाउन न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनेछ ।
- न्यायिक समितिलाई थप प्रभावकारी बनाउदै न्याय प्रणालीलाई सरल, छिटो छरितो, चुस्त दुरुस्त बनाइने छ ।
- दैविक प्रकोप न्यूनीकरण गर्न प्रतिकार्ययोजनालाई प्रभावकारी बनाउदै सचेतना मुलक कार्यक्रम संचालन गर्ने तथा उचित व्यवस्थापन गर्न प्रकोप विपद व्यवस्थापन कोषलाई मजवुद बनाइने छ ।
- सुचनाको हक सम्बन्धि नीतिलाई प्रभावकारी कार्यान्वयनमा ल्याइने छ ।
- बढ्दो आत्म हत्याको दरलाई न्यूनीकरण गर्न सामाजिक मनोपरामर्शका कार्यक्रम संचालन गरिने छ ।
- समाजमा रहेका विसंगती र विकृती जस्तो लागु औषध ओसारपसार जस्ता कार्यको अन्त्य गर्न सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।
- सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई निरन्तरताका साथ थप प्रभावकारी गराउदै लगिने छ ।